# सुर्खेत जिल्ला
# लगाम गाउँ विकास समितिको

## वस्तुस्थिति विवरण(Village Profile)
## २०७२




# गाउँ विकास समितिको कार्यालय
# लगाम, सुर्खेत

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# गाउँ विकास समितिको कार्यालय

## लगाम, सुर्खेत

### प्रकाशकीय

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३ अनुसार प्रत्येक गाउँ विकास समितिले गाउँ विकास क्षेत्रको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्नेछ । यसैगरी दफा ४४ अनुसार प्रत्येक गाउँ विकास समितिले गाउँ विकास क्षेत्रको विकासका निम्ति गाउँस्तरीय वस्तुगत तथ्याङ्क संकलन गरी गाउँको वस्तुस्थिति देखिने स्रोत नक्सा तयार गर्नु पर्ने व्यवस्था गरेको छ। गाउँ विकास योजना तथा बजेट तर्जुमा २०६७ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ र गाउँ विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६६ (संशोधन र परिमार्जन) अनुसार गाविसले विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरी गाउँको वस्तुस्थिति झल्किने विवरण तयार गरी ५ बर्षमा अद्यावधिक गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । यसका साथै गाउँ विकासको विद्यमान स्थितिको विश्लेषण गरी गाउँ विकासको प्रयासलाई दिशानिर्देश गर्न आवधिक तथा बार्षिक गाउँ विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा गाउँ विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयार तथा अद्यावधिक गर्नु पर्ने नीतिगत व्यवस्था रहेको छ ।

गाउँ विकास विकास समितिको समग्र नेतृत्व र राजनीतिक दलको नीतिगत मार्गदर्शन र सेवा केन्द्र तथा गाउँ विकासका समग्र सरोकारवालाको सहभागितामा लगाम गाउँ विकास समितिको योजनाबद्ध विकासको पहिलो प्रयासको रुपमा गाउँ वस्तुगत विवरण ( Village Profile ) तयार गरिएको छ । यस वस्तुगत विवरणले लगाम गाविस क्षेत्रको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छ । गाविसको घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्क संकलन तथा विश्लेषण गरी गाउँको भौगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, भौतिक तथा वातावरणीय र संस्थागत स्थिति विश्लेषणसहित गाउँ विकासको वस्तुस्थिति चित्रण गर्ने प्रमुख उद्देश्य रहेको छ ।

अन्त्यमा, लगाम गाविसको वस्तुस्थिति विवरण तयारीको कार्यमा प्राविधिक सहयोग प्रदान गर्न परामर्श दातृ संस्था सपोर्ट फर डेभलेप्मेण्ट इनिसियटिभ्स् कन्सन्टेन्सीका परामर्शदाताको राय परामर्श, सहजीकरण, अथक परिश्रम र सहयोगको योगदान स्वरुप यो वस्तुस्थिति विवरण तयारी कार्य प्रभावकारी र सफलतापूर्वक सम्पन्न भएको छ । यसका साथै सुन्दर नेपाल संस्थाका अध्यक्ष, साझेदारी विकास कार्यक्रमका कार्यक्रम संयोजक र सम्बन्धित कर्मचारी, सामाजिक परिचालकहरूको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहान्छु । यसैगरी गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयार पार्ने काममा प्राविधिक, व्यवस्थापकीय तथा आर्थिक सहयोग प्रदान गर्ने र योजना दस्तावेज छपाईमा सहयोग गर्ने अमेरिकी सहयोग नियोग/साझेदारी विकास परियोजनालाई विशेष धन्यवाद प्रदान गर्दछु । गाउँ वस्तुस्थिति विवरणलाई आत्मसात गर्दै सबै पक्षले कार्यान्वयन गर्ने अपेक्षा गरेको छु ।

धन्यवाद्

.....................
टेक बहादुर शाही
गाविस सचिव

## विषय सूची


परिच्छेद १ : परिचय ........ 1
१.१ पृष्ठभूमि ........ 1
१.२ उद्देश्य ........ 1
१.३ तयारी विधि तथा प्रक्रिया ........ 2
१.३.१ गाउँ स्तरीय अभिमुखीकरण कार्यक्रम ........ 2
१.३.२ घरधुरी सर्वेक्षण तथा संस्थागत सूचना संकलन ........ 2
१.३.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण ........ 2
१.३.४ गाउँ वस्तुस्थिति विवरणको मस्यौदा तयारी ........ 3
१.३.५ गाउँ वस्तुस्थिति विवरण सुझाव संकलन ........ 3
१.३.६ गाउँ वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी ........ 3
१.४ सीमा ........ 3
परिच्छेद २ : भू-जैविक र प्रशासनिक स्थिति ........ 4
२.१ भौतिक अवस्थिति ........ 4
२.२ ऐतिहासिक चिनारी तथा नामाकरण ........ 4
२.३ राजनीतिक अवस्थिति ........ 4
२.४ भू-उपयोग ........ 4
२.५ भू-धरातल तथा भिरालोपना ........ 4
२.६ नदीनाला तथा तालतलैया ........ 5
२.७ पर्यटकीय, सास्कृतिक र मनोरम स्थलहरू ........ 5
२.८ उपलब्ध सेवा तथा सुविधा ........ 5
परिच्छेद ३ : जनसांख्यिक विवरण ........ 6
३.१ पारिवारिक तथा जनसंख्या विवरण ........ 6
३.२ वस्तीगत र वडागत घरधुरी विवरण ........ 6
३.३ व्यक्तिगत घटनाको विद्यमान स्थिति ........ 7
३.३.१ गाविसको जन्म दर्ता तथा मृत्यु दर्ता सम्बन्धी विवरण ........ 8
३.३.२ गाविसको विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता सम्बन्धी विवरण ........ 8
३.४ जाती अनुसार घरधुरी ........ 8
३.५ जाती अनुसार जनसंख्या ........ 8
३.६ धर्म अनुसार जनसंख्या तथा घर परिवार ........ 9
३.७ भाषा अनुसार जनसंख्या ........ 9
३.८ उमेर अनुसार जनसंख्या ........ 9
३.९ अपाङ्गता स्थिति विवरण ........ 10
३.१० उमेर अनुसार वैवाहिक स्थिति विवरण ........ 10
परिच्छेद ४ : आर्थिक स्थिति ........ 12
४.१ पारिवारिक आम्दानी विवरण ........ 12
४.२ आम्दानी अनुसार परिवार विवरण ........ 12
४.३ पेशा अनुसार जनसंख्या ........ 12
४.४ खेतीगरिएको जग्गा जमिन ........ 13
४.५ कृषि उत्पादन ........ 13
४.६ पशुधन तथा उत्पादन ........ 14
४.७ खाद्य सुरक्षा तथा खाद्य उपलब्धता ........ 14
४.८ पारिवारिक खर्च विवरण ........ 15
४.९ खर्च अनुसार परिवार विवरण ........ 15
४.१० बैंक खाता तथा ऋणसम्बन्धी विवरण ........ 16

४.११ वैदेशिक रोजगारीको स्थिति ........ 16
४.१२ ऋणको विवरण ........ 17
४.१२.१ ऋणको उद्देश्य........ 17
४.१३ उन्नत कृषि प्रविधि, सामग्री र साधनउपयोग गर्ने परिवार........ 18
४.१४ उन्नत कृषि प्रविधि, सामग्री र साधनको विवरण ........ 19
४.१५ कृषि तथा वनमा आधारित व्यवसाय........ 19
४.१६ संस्थागत रुपले उपलब्ध प्राविधिक तथा सीपयुक्त जनशक्ति........ 19
४.१७औद्योगिक विकासको अवस्था........ 20
४.१८ आयात तथा निकासीको स्थिति........ 20
४.१९ वन, कृषि तथा पशुजन्य उत्पादनको विवरण........ 21
४.२० सहकारी संस्था सम्बन्धी विवरण........ 22
४.२१ गाविसको आय सम्बन्धी विवरण........ 22
४.२२ गाविसको व्यय सम्बन्धी विवरण........ 23
परिच्छेद ५ : सामाजिक स्थिति........ 25
५.१ शैक्षिक संस्था तथा शैक्षिक स्थिति ........ 25
५.१.१ साक्षरताको स्थिति ........ 25
५.१.२ विद्यालयमा बाल विकासको (ECD) अनुभवप्राप्त विद्यार्थी........ 26
५.१.३ तहगत रुपमा विद्यार्थीको संख्यात्मक अवस्था........ 26
५.१.४ जातिगत आधारमा प्राथमिक तहमा विद्यार्थी भर्ना विवरण........ 27
५.१.५ जातिगत आधारमा निम्न माध्यामिक तहमा विद्यार्थी भर्नाको अवस्था ........ 28
५.१.६ जातिगत आधारमा माध्यामिक तहमा विद्यार्थी भर्ना विवरण........ 29
५.१.७ जातिगत आधारमा उच्च माध्यामिक तहमा विद्यार्थी भर्नाको अवस्था ........ 29
५.१.८ जातिगत आधारमा प्राथमिक तहमा कक्षा छोड्ने विद्यार्थी........ 29
५.१.९ जातिगत आधारमा निम्न माध्यामिक तहमा कक्षा छोड्ने विद्यार्थी ........ 30
५.१.१० जातिगत आधारमा माध्यामिक तहमा कक्षा छोड्ने विद्यार्थी........ 30
५.१.११ विद्यालयमा सिकाई उपलब्धी र टिकाउ दर सम्वन्धी विवरण ........ 30
५.१.१२ विद्यालयमा छात्रबृत्ति पाउने विद्यार्थीको विवरण........ 31
५.१.१३ विद्यालय शान्ति क्षेत्र, विद्यालय सुधार योजना र बाल क्वल सम्बन्धी विवरण........ 32
५.१.१४ तह तथा जाति अनुसार शिक्षक संख्या ........ 33
५.१.१५ नियुक्तिको आधारमा शिक्षक सम्बन्धी विवरण........ 33
५.१.१६ विद्यालयमा उपलब्ध भौतिक सुविधा सम्बन्धी विवरण........ 34
५.१.१७ उमेर समूह अनुसार जनसंख्या तथा शैक्षिक स्तर ........ 34
५.१.१८ विद्यालय पहुँच स्थिति........ 35
५.१.१९ विद्यालय छोड्ने बालबालिकाको विवरण ........ 36
५.१.२० प्राविधिक मानव संशाधन........ 36
५.१.२१ सीपमूलक तालिम प्राप्त मानव संशाधनको विवरण........ 37
५.२ स्वास्थ्य सेवा तथा पोषणको स्थिति........ 37
५.२.१ नजिकको स्वास्थ्य संस्थामा पुग्न लाग्ने समय........ 38
५.२.२ उपचारका लागि सबैभन्दा पहिला जाने संस्था वा स्थानको विवरण ........ 38
५.२.३ सुरक्षित मातृत्वको स्थिति ........ 38
५.२.४ खोप लिने महिला तथा वालवालिकाको विवरण........ 39
५.२.५ खोप लिने बालबालिकाको विवरण........ 39
५.२.६ गर्भवती महिला तथा खोप सम्बन्धी विवरण ........ 40
५.२.७ बालबालिकाको तौल लिएको अवस्था........ 40

५.२.८ प्रयोग गर्ने नूनको किसिम ........ 41
५.२.९ प्रमख स्वास्थ्य समस्या ........ 41
५.२.१० दीर्घरोग संक्रमण हुने तथा मृत्यु हुनेको संख्या ........ 41
५.२.११ परिवार नियोजन र स्थानीय अभ्यास ........ 42
५.३ खानेपानी तथा सरसफाई ........ 42
५.३.१ खानेपानीको स्रोत ........ 42
५.३.२ पानी ल्याउन लाग्ने समय ........ 43
५.३.३ चर्पीको सुबिधा र प्रकार ........ 43
५.३.४ फोहोरमैला व्यवस्थापन ........ 44
५.३.५ चर्पीजन्य फोहोरमैला व्यवस्थापन ........ 44
५.३.६ जोखिमयुक्त अवस्थामा हात धुने स्थिति ........ 45
५.४ महिला, बालबालिका, लक्षित वर्ग तथा सामाजिक सशक्तिकरण ........ 45
५.४.१ बाल श्रमिकको स्थिति ........ 45
५.४.२ बाल श्रमिकले श्रम गरेको स्थान ........ 46
५.४.३ बालबालिका तथा युवामा लागू पदार्थ दुव्यर्सनको स्थिति ........ 46
५.४.४ सचेतनामूलक तालिम ........ 46
५.४.५ पारिवारिक कार्यमा लैंङ्गिक सहभागिता स्थिति ........ 47
५.५ युवा तथा खेलकुद सम्बन्धी विवरण ........ 47
५.६ भाषा, कला र साहित्य सम्बन्धी विवरण ........ 48
५.७शान्ति सुरक्षा तथा सुरक्षा निकाय ........ 48
५.८ अपराध तथा मुद्दा मामिला सम्बन्धी विवरण ........ 48
५.९ वसाई सराई तथा जनसांख्यिक गतिशिलता ........ 49
५.१० धार्मिक तथा साँस्कृतिक सम्पदा ........ 49
५.११ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल ........ 50
परिच्छेद ६: भौतिक विकासको अवस्था ........ 51
६.१ विद्युत तथा वैकल्पिक उर्जाको उपयोग ........ 51
६.१.१ विभिन्न श्रोतबाट विद्युत सेवा प्राप्त गर्ने परिवार ........ 51
६.१.२ घरमा प्रयोग हुने वत्तीको मुख्य स्रोत ........ 51
६.१.३ खाना पकाउन प्रयोग हुने मुख्य उर्जाको स्रोत ........ 51
६.१.४ दाउराको प्रमुख श्रोत ........ 51
६.१.५ घरमा प्रयोग हुने चुल्होको प्रकार ........ 52
६.१.६ घरको छानाको अवस्था ........ 52
६.२ सूचना तथा संचार ........ 53
६.२.१ संचार सुविधा उपलब्धता तथा उपयोग ........ 53
६.३ सार्वजनिक संचार तथा यातायातका साधनको विवरण ........ 53
६.५ गाविस भित्रका बजारको अवस्था ........ 54
परिच्छेद ७ : वन तथा वातावरणीय स्थिति ........ 56
७.१ वन क्षेत्रको अवस्था ........ 56
७.१.१ सामुदायिक वन क्षेत्र ........ 56
७.१.२. मध्यवर्ती क्षेत्रको विवरण ........ Error! Bookmark not defined.
७.२ जलाधर तथा जलस्रोत र उपयोगको स्थिति ........ 56
७.३ जैविक विविधता र वातावरणीय सेवा ........ 57
७.४ जलवायु परिवर्तनको असर र अनुकुलन ........ 57
७.५. विपद्को असर स्थिति ........ 57

७.५.१ विपद्बाट भएको मानवीय क्षति ..... 57
७.५.२ वस्ती अयोग्य स्थानमा वसोवास गरेका परिवार ..... 58
७.५.३ नदी कटान तथा डुवान, पहिरो तथा भू-क्षय ..... 58
परिच्छेद ८ : संस्थागत तथा शुसासनको स्थिति ..... 60
८.१ सरकारी कार्यालय सम्बन्धी विवरण ..... 60
८.२ संस्थागत विकास तथा सामाजिक परिचालन ..... 60
८.३ विकास साझेदार तथा गैर सरकारी संस्था ..... 60
८.४ राजनीतिक दल जातीय तथा लैंगीक समावेशीकरण ..... 61
८.५ संस्थागत समूह सहभागिता ..... 61
८.६ समूहको प्रकार अनुसार परिवारको आवद्धता ..... 62
८.७ गाविसको आ.व. २०७२/७३ को लागि प्रस्तावित आयोजना तथा कार्यक्रम ..... 62
अनुसूची १ : GISनक्शा ..... 64
अनुसूची २ : जात जातिगत समुदायको वर्गिकरण सम्बन्धी विवरण ..... 67

## तालिका सुची


तालिका नं. १: पारिवारिक तथा जनसंख्या विवरण ........ ६
तालिका नं. २: वस्तीगत र वडागत घरधुरी विवरण ........ ६
तालिका नं. ३: जाती अनुसार घरधुरी विवरण ........ ८
तालिका नं.४ : जाती अनुसार जनसंख्या विवरण ........ ८
तालिका नं. ५ : धर्म अनुसार जनसंख्या तथा घर परिवार विवरण ........ ९
तालिका नं.६: भाषा अनुसार जनसंख्या विवरण ........ ९
तालिका नं. ७ : उमेर अनुसार जनसंख्या विवरण ........ १०
तालिका नं. ८ : अपाङ्गता स्थिति विवरण ........ १०
तालिका नं. ९: उमेर अनुसार वैवाहिक स्थिति विवरण ........ ११
तालिका नं. १० : पारिवारिक आम्दानी विवरण ........ १२
तालिका नं. ११: आम्दानी अनुसार परिवार विवरण ........ १२
तालिका नं. १२: पेशा अनुसार जनसंख्या विवरण ........ १३
तालिका नं.१३: खेती गरिएको जग्गा जमिन विवरण ........ १३
तालिका नं. १४: कृषि उत्पादन विवरण ........ १३
तालिका नं. १५: पशुधन तथा उत्पादन विवरण ........ १४
तालिका नं. १६ : खाद्य सुरक्षा तथा खाद्य उपलब्धता विवरण ........ १५
तालिका नं. १७ : पारिवारिक खर्च विवरण ........ १५
तालिका नं. १८: खर्च अनुसार परिवार विवरण ........ १६
तालिका नं. १९: बैंक खाता तथा ऋण सम्बन्धी विवरण ........ १६
तालिका नं.२० : वैदेशिक रोजगारीको स्थिति विवरण ........ १७
तालिका नं.२१: ऋणको विवरण ........ १७
तालिका नं. २२ : ऋणको उद्देश्य विवरण ........ १८
तालिका नं. २३: उन्नत कृषि प्रविधि, सामाग्री र साधन उपयोग गर्ने परिवारको विवरण ........ १८
तालिका नं. २४ : उन्नत कृषि प्रविधि, सामाग्री र साधनको विवरण ........ १९
तालिका नं. २५ : संस्थागत रुपले उपलब्ध प्राविधिक तथा सीपयुक्त जनशक्ति विवरण ........ २०
तालिका नं.२६ : औद्योगिक विकासको विवरण ........ २०
तालिका नं. २७: आयात तथा निकासीको स्थितिको विवरण ........ २०
तालिका नं. २८ : वन, कृषि तथा पशुजन्य उत्पादनको विवरण ........ २१
तालिका नं.२९: सहकारी संस्था सम्वन्धी विवरण ........ २२
तालिका नं.३० : गाविसको आय सम्वन्धी विवरण ........ २२
तालिका नं.३१ : गाविसको व्यय सम्बन्धी विवरण ........ २३
तालिका नं. ३२ : शैक्षिक संस्था तथा शैक्षिक स्थिति विवरण ........ २५
तालिका नं. ३३ : साक्षरता स्थिति विवरण ........ २५
तालिका नं. ३४ : बाल विकासको अनुभव प्राप्त विद्यार्थी विवरण ........ २६
तालिका नं. ३५: तहगत रुपमा विद्यार्थीको संख्यात्मक स्थिति विवरण ........ २६
तालिका नं. ३६ : जातिगत आधारमा प्राथमिक तहमा विद्यार्थी भर्ना विवरण ........ २७
तालिका नं. ३७ : जातिगत आधारमा निम्न माध्यमिक तहमा विद्यार्थी भर्नाको विवरण ........ २८
तालिका नं. ३८ : जातिगत आधारमा माध्यमिक तहमा विद्यार्थी भर्ना विवरण ........ २९
तालिका नं. ३९: जातिगत आधारमा उच्च माध्यमिक तहमा विद्यार्थी भर्नाको विवरण ........ २९
तालिका नं. ४० : जातिगत आधारमा प्राथमिक तहमा कक्षा छोड्ने विद्यार्थीको विवरण ........ २९
तालिका नं. ४१ : जातिगत आधारमा निम्न माध्यमिक तहमा कक्षा छोड्ने विद्यार्थी विवरण ........ ३०
तालिका नं. ४२: जातिगत आधारमा माध्यमिक तहमा कक्षा छोड्ने विद्यार्थी विवरण ........ ३०
तालिका नं. ४३: विद्यालयमा सिकाई उपलब्धी र टिकाउ दर सम्बन्धी विवरण ........ ३०
तालिका नं. ४४: विद्यालय तथा कक्षा अनुसार शैक्षिकवर्ष २०७०/७१ मा छात्रबृत्ति पाउने विद्यार्थीको विवरण ........ ३१

तालिका नं. ४५ : विद्यालय शान्ति क्षेत्र, विद्यालय सुधार योजना र बाल क्लव सम्बन्धी विवरण ........ ३२
तालिका नं. ४६: तह तथा जाति अनुसार शिक्षक संख्या विवरण ........ ३३
तालिका नं. ४७ : नियुक्तिको आधारमा शिक्षक सम्बन्धी विवरण ........ ३३
तालिका नं. ४८ : विद्यालयमा उपलब्ध भौतिक सुविधा सम्बन्धी विवरण ........ ३४
तालिका नं. ४९: उमेरगत समुह अनुसार जनसंख्या तथा शैक्षिक स्तर विवरण ........ ३५
तालिका नं. ५० : विद्यालय पहुँचको स्थिति विवरण ........ ३५
तालिका नं. ५१: विद्यालय छोड्ने बालबालिकाको विवरण ........ ३६
तालिका नं. ५२ : प्राविधिक मानव संशाधनको विवरण ........ ३७
तालिका नं. ५३: सीपमूलक तालिम प्राप्त मानव संशाधनको विवरण ........ ३७
तालिका नं. ५४ : नजिकको स्वास्थ्य संस्थामा पुग्न लाग्ने समयको विवरण ........ ३८
तालिका नं. ५५ : उपचारकालागि सबैभन्दा पहिला जाने संस्था र स्थानको विवरण ........ ३८
तालिका नं. ५६ : सुरक्षित मातृत्वको स्थिति विवरण ........ ३९
तालिका नं. ५७ : खोप लिने महिला तथा बालबालिकाको विवरण ........ ३९
तालिका नं. ५८ : खोप लिने बालबालिकाको विवरण ........ ३९
तालिका नं. ५९ : गर्भवती महिला तथा खोप सम्बन्धी विवरण ........ ४०
तालिका नं. ६०: बालबालिकाको तौल लिएको अवस्था विवरण ........ ४०
तालिका नं. ६१ : प्रयोग गर्ने नूनको किसिमको विवरण ........ ४१
तालिका नं. ६२: प्रमुख स्वास्थ्य समस्या सम्बन्धी विवरण ........ ४१
तालिका नं. ६३ : दीर्घरोग संक्रमण हुने तथा मृत्यु हुनेको विवरण ........ ४१
तालिका नं.६४: परिवार नियोजन र स्थानीय अभ्यास सम्बन्धी विवरण ........ ४२
तालिका नं. ६५ : खानेपानीको श्रोतको विवरण ........ ४३
तालिका नं. ६६: पानी ल्याउन लाग्ने समयको विवरण ........ ४३
तालिका नं. ६७ : चर्पीको सुविधा र प्रकार सम्बन्धी विवरण ........ ४४
तालिका नं. ६८ : फोहोरमैला व्यवस्थापन सम्बन्धी विवरण ........ ४४
तालिका नं. ६९: चर्पीजन्य फोहोरमैला व्यवस्थापन विवरण ........ ४५
तालिका नं. ७० : जोखिमयुक्त अवस्थामा हात धुने सम्बन्धी विवरण ........ ४५
तालिका नं. ७१: बालश्रमिकको स्थिति विवरण ........ ४५
तालिका नं. ७२: बालश्रमिकले श्रम गरेको स्थानको विवरण ........ ४६
तालिका नं.७३: बालबालिका तथा युवामा लागु पदार्थ दुर्व्यसनको स्थिति विवरण ........ ४६
तालिका नं. ७४: सचेतनामुलक तालिम सम्बन्धी विवरण ........ ४६
तालिका नं. ७५ : पारिवारिक कार्यमा लैङ्गिक सहभागिता स्थिति विवरण ........ ४७
तालिका नं. ७६ : युवा तथा खेलकुद सम्बन्धी विवरण ........ ४७
तालिका नं. ७७ : भाषा कला र साहित्य सम्बन्धी विवरण ........ ४८
तालिका नं. ७८: शान्ति सुरक्षा तथा सुरक्षा निकाय सम्बन्धी विवरण ........ ४८
तालिका नं. ७९: अपराध तथा मुद्दा मामिला सम्बन्धी विवरण ........ ४८
तालिका नं. ८० : बसाई सराई तथा जनसांख्यिक गतिशिलता सम्बन्धी विवरण ........ ४९
तालिका नं. ८१: धार्मिक तथा साँस्कृतिक सम्पदा सम्बन्धी विवरण ........ ४९
तालिका नं. ८२: धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल सम्बन्धी विवरण ........ ५०
तालिका नं. ८३: विभिन्न श्रोतवाट विद्युत सेवा प्राप्त गर्ने परिवारको विवरण ........ ५१
तालिका नं. ८४ : घरमा प्रयोग हुने वत्तीको मुख्य श्रोतको विवरण ........ ५१
तालिका नं. ८५: दाउराको मुख्य श्रोतको विवरण ........ ५२
तालिका नं. ८६: घरमा प्रयोग हुने चुल्होको प्रकारको विवरण ........ ५२
तालिका नं. ८७ : गाविसमा भएका घरको अवस्थाको विवरण ........ ५३
तालिका नं.८८ : सञ्चार सुविधा उपलब्धता तथा उपयोग विवरण ........ ५३

तालिका नं. ८९: स्थानीय पूर्वाधारको अवस्था विवरण........................................................................................ ५४
तालिका नं. ९० : गाविस भित्रका बजारको अवस्था विवरण........................................................................... ५५
तालिका नं.९१: सामुदायिक वनको विवरण................................................................................................... ५६
तालिका नं. ९२: जलश्रोतको उपयोग स्थिति विवरण...................................................................................... ५७
तालिका नं. ९३: जैविक विविधता र वातावरणीय सेवा सम्बन्धी विवरण ........................................................... ५७
तालिका नं. ९४ : विपद्वाट भएको मानवीय क्षतीको विवरण............................................................................. ५८
तालिका नं. ९५ : वस्ती अयोग्य स्थानमा वसोवास गरेका परिवारको विवरण ..................................................... ५८
तालिका नं. ९६ : नदी कटान तथा डुवान पहिरो तथा भू-क्षयको विवरण........................................................... ५८
तालिका नं. ९७ : सरकारी कार्यालय सम्बन्धी विवरण..................................................................................... ६०
तालिका नं.९८ : संस्थागत विकास तथा सामाजिक परिचालन सम्बन्धी विवरण ................................................... ६०
तालिका नं. ९९ : विकास साझेदार तथा गैर सरकारी संस्था सम्बन्धी विवरण.................................................... ६०
तालिका नं. १०० : राजनीतिक दल जातीय तथा लैङ्गिक समावेशीकरण सम्बन्धी विवरण .......................................६१
तालिका नं. १०१ : संस्थागत समुह सहभागिता सम्बन्धी विवरण........................................................................६१
तालिका नं. १०२ : समुहको प्रकार अनुसार आवद्धता विवरण ............................................................................६२
तालिका नं. १०३ : गाविसको  प्रस्तावित आयोजना तथा कार्यक्रम विवरण..........................................................६२

# परिच्छेद १: परिचय

यस परिच्छेदमा गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयारीको आधार, उद्देश्य, तयारी विधि तथा प्रक्रिया र सीमा समावेश गरिएको छ ।

## १.१ पृष्ठभूमि

स्थानीय शासनलाई सुशासन प्रवर्धन, सामाजिक सशक्तिकरण तथा विकास प्रतिफल अभिवृद्धि गर्ने प्रमुख रणनीतिको रुपमा स्वीकार गरिएको छ । नेपालको संविधान २०७२ ले स्थानीय शासनको संवैधानिक व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार शासन संचालनमा केन्द्रिय, प्रादेशिक तथा स्थानीय सरकारको संरचना प्रस्ताव गरिएको छ । संविधानले गाउँपालिका र नगरपालिकालाई स्थानीय सरकार र जिल्लातहमा विकास व्यवस्थापन तथा सेवा प्रवाह कार्यमा समन्वय गर्न जिल्ला परिषदको व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार स्थानीय तहमा समावेशी तथा लोकतान्त्रिक प्रणालीको अभ्यास र विकास प्रतिफलमा अभिवृद्धिगर्न स्थानीय शासनको अनुशरण गरिनेछ ।

नेपालमा विकेन्द्रित शासनको कोशेढुङ्गाको रुपमा रहेको स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ ले स्थानीय निकायमा अधिकार निक्षेपणसहितको स्थानीय शासनको परिकल्पना गरेको छ । सो अनुसार स्थानीय निकायले सम्बन्धित क्षेत्रको वस्तुस्थिति विश्लेषण गर्ने, श्रोत अनुमान गर्ने, आवधिक योजना तथा बार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, विकासका गतिविधि तथा सेवा प्रवाह गर्ने, विकास कार्यहरूबाट प्राप्त प्रतिफलको अनुगमन तथा लेखाजोखा गर्ने अधिकार स्थानीय निकायलाई प्रदान गरेको छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३ अनुसार प्रत्येक गाउँ विकास समितिले गाउँ विकास क्षेत्रको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्नेछ । यसैगरी दफा ४४ अनुसार प्रत्येक गाउँ विकास समितिले गाउँ विकास क्षेत्रको विकासका निम्ति गाउँस्तरीय वस्तुगत तथ्याङ्क संकलन गरी गाउँको वस्तुस्थिति देखिने स्रोत नक्सा तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।

यसैगरी गाउँ विकास योजना तथा बजेट तर्जुमा २०६७ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ र गाउँ विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६६ (संशोधन र परिमार्जन) अनुसार गाविसले विभिन्न क्षेत्रको तथ्याङ्क संकलन गरी गाउँको वस्तुस्थिति झल्किने विवरण तयार गरी ५ बर्षमा अद्यावधिक गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । यसका साथै गाउँ विकासको विद्यमान स्थितिको विश्लेषण गरी गाउँ विकासको प्रयासलाई दिशानिर्देश गर्न आवधिक तथा बार्षिक गाउँ विकास योजना तर्जुमा, योजनाको नतिजामूलक अनुगमन तथा गाउँ विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयार तथा अद्यावधिक गर्नु पर्ने नीतिगत व्यवस्था रहेको छ ।

उपरोक्त कानूनी तथा नीतिगत व्यवस्था र योजनाबद्ध रुपमा गाउँ विकासका प्रयासहरूलाई अगाडि बढाउन गाउँ वस्तुस्थति विवरण तथा श्रोत नक्सा अपरीहार्य भए बमोजिम गाउँ वस्तुस्थिति विश्लेषण विवरण तयार गरिएको छ । उपलब्ध कानूनी तथा नीतिगत व्यवस्था अनुसार गाउँ विकास समितिको नेतृत्व र गाउँ विकासका सरोकारवालाहरूको प्रयास र परामर्शदाताको सहयोगबाट गाउँ वस्तुस्थिति विवरण तयार गरिएको छ ।

## १.२ उद्देश्य

लगाम गाविसको घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्क संकलन तथा विश्लेषण गरी गाउँको भौगोलिक, जनसाँख्यिक, आर्थिक, सामाजिक, भौतिक तथा वातावरणीय र संस्थागत स्थिति विश्लेषणसहित गाउँ विकासको वस्तुस्थिति चित्रण गर्ने प्रमुख उद्देश्य रहेको छ । यस विवरणको विशिष्ट उद्देश्य देहायअनुसार रहेको छ ।

- गाउँको समग्र वस्तुस्थिति चित्रण तथा विवरण तयार गर्ने र साझेदारलाई जानकारी गराउने
- गाउँको भू-जैविक, भौतिक, आर्थिक, सामाजिक, वातावरण र संस्थागत विकाससमेत विषयगत वस्तुस्थिति चित्रण तथा विश्लेषण विवरण तयार गर्ने
- गाउँको भौतिक, प्राविधिक, मानवीय तथा वित्तीय स्रोतसाधनको स्थिति र उपलब्धताबारे विश्लेषण गर्ने
- घरधुरी सर्वेक्षण र द्वितीयश्रोत (गाविस, सेवा केन्द्र, संघ/संस्थाको विवरण, अध्ययन, सर्वेक्षण तथा प्रगति प्रतिवेदन) बाट प्राप्त तथ्याङ्क एकमुष्ट र विश्लेषणगरी विषयगत रुपमा गाउँको एकीकृत वस्तुगत विवरण तयार

गर्ने

- गाउँको विषय/क्षेत्रगत विकासका संभावना तथा समस्याहरूको पहिचान तथा विश्लेषण गर्ने ।
- गाउँको आवधिक तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको लागि विषयगत र सामाजिक रुपमा खण्डीकृत र एकीकृत अद्यावधिक सूचना विवरण उपलब्ध गराउने ।

## १.३ तयारी विधि तथा प्रक्रिया

उपलब्ध कानूनी तथा नीतिगत व्यवस्था र विभिन्न गाविसहरूले विगतमा अभ्यास गरिएका र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गाउँ वस्तुस्थिति विवरण ढाँचा अनुसार यस गाउँ वस्तुस्थिति विवरण तयार गरिएको छ । यस गाउँ वस्तुस्थिति विवरण आवधिक गाउँ विकास योजना तर्जुमाको लागि आधाररेखा सूचना र गाउँ विकास योजनाको अनुगमन तथा मूल्याङ्कनकालागि आधारभूत सूचनाको आधारसहित देहायका विधि तथा प्रक्रिया पुरा गरी तयार गरिएको छ ।

### १.३.१ गाउँस्तरीय अभिमुखीकरण कार्यक्रम

गाउँवस्तुस्थिति विश्लेषण तथा आवधिक गाउँ विकास योजनासम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, उद्देश्य, तयारी विधि तथा प्रक्रिया, गाविस र गाउँ विकासका सरोकारवालाहरूको भूमिका एवम् समयतालिका बारे प्रस्तुती तथा छलफलका लागि गाउँस्तरीय अभिमुखीकरण कार्यक्रम आयोजना गरियो । गाविसको आयोजना र प्राविधिक सहयोग टोलीको सहजिकरण भएको कार्यक्रममा गाविस वोर्ड, एकीकृत योजना तर्जुमा समिति, सेवा केन्द्र, संघ/संस्था तथा लक्षित समुदाय र सरोकारवालासमेत ४० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा गाउँ वस्तुस्थिति विवरणमा उपयोग तथ्याङ्कको श्रोत, ढाँचा तथा विषय क्षेत्र, प्रयोग र आवधिक गाउँ विकास योजना तर्जुमाको आवश्यकता र तर्जुमा प्रक्रियाबारे समेत अन्तरक्रिया तथा छलफल गरिएको थियो ।

### १.३.२ घरधुरी सर्वेक्षण तथा संस्थागत सूचना संकलन

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गाउँ वस्तुस्थिति विवरणको ढाँचालगायत स्थानीय निकायहरू विगतमा अभ्यास गरेका गाउँ वस्तुस्थिति विवरण तथा आवधिक गाउँ विकास योजनाको आधार सूचनाको ढाँचा अनुसार घरधुरी सर्वेक्षण र संस्थागत सूचना संकलन गरियो । गाउँ वस्तुस्थिति विवरण तयारीको क्रममा घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्क विवरण, विभिन्न अध्ययन, सर्वेक्षण र प्रगति प्रतिवेदनबाट सूचनाको आधार तयार गरी गाउँ वस्तुस्थिति विवरण तयार गरियो ।घरधुरी सर्वेक्षणका लागि स्थानीय गणकहरूलाई तालिम प्रदान गरी घरधुरी सर्वेक्षण तथा तथ्याङ्क संकलन गरियो भने पेशागत विज्ञ प्राविधिक टोलीले संस्थागत स्रोत तथा अध्ययन, सर्वेक्षण र प्रगति प्रतिवेदन जस्ता स्रोतहरूबाट संस्थागत तथ्याङ्क विवरण संकलन गरियो । गाउँ वस्तुस्थिति विवरण प्रमुख रुपमा तथ्याङ्कको पहिलो श्रोतमा घरधुरी सर्वेक्षण र दोश्रो श्रोतमा संस्थागत तथा अध्ययन सर्वेक्षणबाट प्राप्त विवरणको आधारमा तयार गरिएको छ । संस्थागत तथ्याङ्कको प्रमुख श्रोतहरूमा गाविस, स्वास्थ्य संस्था, विद्यालय, सेवा केन्द्र तथा संघ/सस्थामा उपलब्ध तथ्याङ्क विवरण, राष्ट्रिय जनगणना, नेपाल जीवनस्तर सर्वेक्षण, कृषि गणना जस्ता केन्द्रिय तथ्याङ्क विभागका सर्वेक्षण र अध्ययन प्रतिवेदन, मानव विकास प्रतिवेदन, आर्थिक सर्वेक्षण, विभिन्न विषयगत अध्ययन प्रतिवेदनहरू रहेका छन् । घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्क विवरणका लागि उपलब्ध ढाँचा अनुसार तथ्याङ्क सकंलन फाराम (औजार) विकास गरी तथ्याङ्कन गरिएको थियो ।

### १.३.३ तथ्याङ्क प्रशोधन तथा विश्लेषण

घरधुरी सर्वेक्षण तथ्याङ्कलाई कम्युटर सफ्टवयर तयार गरी प्रत्येक घरपरिवारको संकलित तथ्याङ्कलाई प्रविष्ट तथा कम्युटर प्रणालीबाट प्रशोधन गरी तथ्याङ्कशास्त्रीय विधिद्वारा तथ्याङ्क विश्लेषण गरियो । विश्लेषित तथ्याङ्कलाई गाउँ वस्तुस्थिति विवरणमा उपयोग गरियो । त्यसै गरी द्वितीयश्रोत तथा संस्थागत तथ्याङ्कलाई प्राविधिक विषय विज्ञले विश्लेषण गरी विवरण तयारीमा उपयोग गरियो । द्वितीय श्रोतबाट प्राप्त तथ्याङ्कलाई घरधुरी सर्वेक्षणबाट उपलब्ध हुन नसक्ने गाउँ विकासको वस्तुस्थिति चित्रण गर्ने तथा  उपलब्ध तथ्याङ्कको भेटिएसम्म दुई समयावधिमा तुलना गर्ने, जिल्ला, केन्द्र र अन्य गाविसको विवरणसँग तुलना गर्ने कार्यमा प्रयोग गरियो ।

### १.३.४ गाउँ वस्तुस्थिति विवरणको मस्यौदा तयारी
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी गाउँ वस्तुस्थिति विवरणको परिमार्जित ढाँचा तथा विभिन्न विकास साझेदार तथा स्थानीय निकाय स्वयंले विगतमा अभ्यास गरेका नमूनायोग्य ढाँचा अनुसार गाउँ वस्तुस्थिति विवरणको मस्यौदा तयार गरियो ।

### १.३.५ गाउँ वस्तुस्थिति विवरण सुझाव संकलन
उपलब्ध ढाँचामा तयार गरिएको गाउँ वस्तुगत विवरणको मस्यौदालाई गाविसस्तरीय सुझाव संकलन कार्यशाला आयोजना गरी प्रमुख विषयवस्तु तथा विवरण प्रस्तुत गरी राय सुझाव संकलन गरियो । यसैगरी गाउँ वस्तुस्थिति विवरणको मस्यौदा जिल्ला विकास समिति र तर्जुमा कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने साझेदारी विकास परियोजनाबाटसमेत सुझाव संकलन गरियो ।

### १.३.६ गाउँ वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी
गाविसस्तरीय कार्यशाला गोष्ठीबाट प्राप्त राय सुझाव र जिविस, साझेदारी र गाउँ विकासका सरोकारवालाहरूबाट प्राप्त राय सुझाव समावेश गरी गाउँ वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयार गरियो ।

## १.४ सीमा
गाउँ वस्तुस्थिति विवरणलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी ढाँचा तथा विगतमा गाविस तथा स्थानीय निकायहरूले अभ्यास गरेका ढाँचा अनुसार गाउँ वस्तुस्थिति विवरण तयार गरिएको छ । विवरणमा घरधुरी सर्वेक्षण तथा संस्थागत तथ्याङ्कको अद्यावधिक विवरण प्रयोग गरिएको छ । संभव भएसम्म तथ्याङ्क विश्लेषण गरी सामाजिक र लैंगिक रुपमा खण्डीकृत र विषयगत रुपमा एकीकृत गर्ने प्रयास गरिएको छ । उपलब्ध भएसम्म सूचनालाई दुई समय रेखामा प्रस्तुत गरी तुलना गर्ने प्रयास गरिएको भएता पनि विगतका धेरै सूचना उपलब्ध हुन नसकेका कारण धेरै सूचनालाई दुई समय रेखामा तुलना गर्न सकिएको छैन भने धेरैजसो सूचना विवरणलाई उपयुक्त सूचनाको कमीको कारण जिल्ला, क्षेत्र र राष्ट्रिय सूचनासँग तुलना गर्न सकेको छैन । यो गाउँ वस्तुस्थिति विवरण यस गाविसको पहिलो प्रयास भएकोले केही कमीकमजोरी रहेका छन् र यसलाई आवधिक रुपमा परिमार्जन गर्दै लगिनेछ ।

# परिच्छेद २: भू-जैविक र प्रशासनिक स्थिति

यस परिच्छेदमा भौतिक तथा प्रशासनिक अवस्थिति, ऐतिहासिक, भू-जैविक, पर्यटकीय, साँस्कृतिक तथा मरोरञ्जनात्मक स्थल तथा विशेषताहरू समावेश गरिएका छन्।

## २.१ भौतिक अवस्थिति

सुर्खेत जिल्लालाई राजनैतिक वा प्रशासनिक हिसावले तीन वटा निर्वाचन क्षेत्र, ११ वटा ईलाका ३ वटा नगरपालिका र ४० वटा गाविसहरूमा विभाजन गरिएको छ। उक्त ४० वटा गाविसहरू मध्ये लगाम गाविस पनि एक हो। लगाम गाविस जिल्लाको निर्वाचन क्षेत्र नं ३ र ईलाका नं ११ अन्तर्गत पर्दछ। यस गाविसको पूर्वमा बेतान गाविस, पश्चिममा डोटी जिल्लाको कानाचौर गाविस, उत्तरमा अछाम जिल्लाको बलाता गाविस र दक्षिणमा कैलाली जिल्लाको पण्डौन र सुगुँरखाल गाविस रहेका छन्। लगाम गाविसको भौगोलिक अवस्थिति हेर्दा समुद्री सतहबाट ४०० मिटर देखि १६८१ मिटर सम्मको उचाईमाफैलिएको छ। यस गाविसको सबै भन्दा होचो स्थान बोला र पाल्पाघाटमा ४०० मिटर र अग्लो स्थान चिनरास मालिका १६८१ मिटर रहेको छ।विश्व मानचित्रमा लगाम गाविस २८°१५' देखि २९°१९'३० सेकेण्ड उत्तरी अक्षांश र ८१°१२' ३० सेकेण्ड देखि ८१°१९' पूर्वी देशान्तरमा फैलिएको छ।

## २.२ ऐतिहासिक चिनारी तथा नामाकरण

लगाम गाविसको पुरानो नाम बाँसपानी भएको भएता पनि बेतान गाविस यसबाट अलग भए पछि लगाम गाउँको नामबाट यसको नामाकरण भएको भनाई छ। लगाम गाविस तीन तिर कर्णाली नदीले घेरिएर खोचमा अवस्थित रहेको छ। लगाम गाउँ विकास समितिको वडा नं १ र २ को तल्लो र माथिल्लो लगाम समथर रहेको र उब्जनीका हिसावले राम्रो रहेको छ भने गाविसको प्रशासकीय केन्द्र यसै स्थानमा अवस्थित छ।

## २.३ राजनीतिक अवस्थिति

सुर्खेत जिल्लामा रहेका तीन वटा नगरपालिका र ४० वटा गाविसहरू मध्ये लगाम गाविस पनि एक हो। यो गाविस सुर्खेत जिल्लाको क्षेत्र नं ३ र ईलाका नं ११ अन्तरगत पर्दछ। यस गाविसको पूर्वमा बेतान गाविस, पश्चिममा डोटी जिल्लाको कानाचौर गाविस, उत्तरमा अछाम जिल्लाको बलाता गाविस र दक्षिणमा कैलाली जिल्लाको पण्डौन र सुगुँरखाल गाविस रहेका छन्। यो गाविस सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगर देखि १०५ कि.मी पश्चिममा रहेको छ। प्रशासनिक तथा शैक्षिक रुपमा यस गाविसमा एउटा उच्च मावि, दुई वटा प्रस्तावित निमावि, आठ वटा प्रावि र चार वटा बाल विकास केन्द्रहरू रहेका छन्। यसका साथै एउटा स्वास्थ्य चौकी, एउटा अतिरिक्त हुलाक कार्यालय र एउटा अस्थायी प्रहरी चौकी रहेका छन्।

## २.४ भू-उपयोग

लगाम गाविसको भूमिलाई हेर्दा यहाँको जमिनमा बलौटे, चिम्ट्याईलो रातो माटो बढी मात्रामा रहेको पाईन्छ। यस गाविसको लिमु खोलाको दाँया बाँया किनारमा सिचाई र अन्य अधिकांश भूभागमा आकासे पानीको भरमा धान, मकै, गहुँ र तरकारी खेती गरिएको पाईन्छ।लगाम गाविस ६८८० हेक्टर क्षेत्रफलमा फैलिएको छ। जिल्ला कृषि विकास कार्यालय सुर्खेतको तथ्याङ्क पुस्तिका २०७१ का अनुसार यस गाविसको कृषि योग्य जमिनको क्षेत्रफल १०९५ रहेको छ भने खेती गरिएको क्षेत्रफल ५५० हेक्टर र सिञ्चित क्षेत्रफल १८९ हेक्टर रहेको छ।

## २.५ भू-धरातल तथा भिरालोपना

भौगोलिक वनावटको आधारमा यस गाविसलाई तीन भागमा विभाजन गर्न सकिन्छ।

**क) खोच :** कृषि क्षेत्रको लागि महत्वपूर्ण मानिने यस गाविसमा लिमु खोला र कर्णाली नदीको छेउछाउ समथर भूभाग रहेको छ। त्यस भन्दा माथिको भूभागमा बर्षाको भरमा मात्र खेतीपाती हुने गर्दछ।

**ख) पहाडी भूभाग :** यो क्षेत्र पहाडी भूभाग भएकाले खेतीपाती तथा कृषिकालागि उपयोगी छैन। यस क्षेत्रमा विभिन्न जडिबुटीहरू सुनगाभा, काउलो, टिमुर, बाँस, च्याउ पाईन्छ। यसै गरी विभिन्न जातका रुखहरू सल्लो, साल, खयर, कटुस, उत्तीस आदि पाईन्छ।

**ग) लेक क्षेत्र :** यस क्षेत्रमा गाविसका पुराना वस्तीहरू धनरास, सोता, पग, तोलीसैन, बाँसपानी, नेटेकाँडा रहेका छन्। यस गाविसको लेक क्षेत्रमा पशुपालनकालागि राम्रो चरन भएकाले बाखा, गाई, भैसी पालनकालागि उपयुक्त क्षेत्र भएको देखिन्छ। यस क्षेत्रमा लाली गुराँस, कटुस र निगालो जस्ता वन पैदावारहरू पाईन्छ।

## २.६ नदीनाला तथा तालतलैया

जलश्रोतको हिसावले लगाम गाविसलाई सम्पन्न मान्नु पर्ने हुन्छ । देशको प्रमुख नदीहरू मध्ये एउटा मानिने कर्णाली नदीले यस गाविसलाई तीन तर्फवाट घेरेर बगेको छ । यस गाविसको उत्तरबाट दक्षिण तर्फ बग्ने लिम्बुखोला र पश्चिम तर्फबाट दक्षिण बग्ने बराल खोलाका साथै अन्य सहायक खोलाहरू रहेका छन् । यसरी जलश्रोतमा धनी भएता पनि यस गाविसमा कुनै ठोस योजनाबद्ध रुपमा सिचाई तथा बैकल्पिक उर्जाका क्षेत्रमा प्रयोगमा ल्याउन नसकेको स्थिति रहेको छ । यस गाविसमा अग्ला स्थानहरूबाट प्रवाहित भई रहने कतिपय सानातिना खोलाहरूमा बाह्रै महिना पानी बगीरहने भएको हुँदा स्थानीय कृषकहरूले परम्परागत कुलो निर्माण गरी सिचाईमा प्रयोग गर्नुका साथै कुटानी पिसानीकालागि पानीघट्टहरू सञ्चालनमा ल्याएका छन् ।

## २.७ पर्यटकीय, सास्कृतिक र मनोरम स्थलहरू

लगाम गाविस सुर्खेत जिल्लाको दूरदराज पश्चिम क्षेत्रमा रहेको भएता पनि यहाँ विभिन्न धार्मिक तथा पर्यटकीय र ऐतिहासिक महत्वका स्थलहरू रहेका छन् । आवश्यक प्रचार प्रसारका साथै संरक्षण र सम्बर्धनको अभावमा यी सम्पदाहरू ओझेलमा परेको भएता पनि यी सार्वजनिक सम्पदाहरूको विशिष्ट पहिचान र महत्व रहेको छ ।यी सम्पदाहरूको आवश्यक  संरक्षण र सम्बर्धन गरी प्रचार प्रसार गरेको खण्डमा आन्तरिक तथा बाह्य दुवै प्रकारको पर्यटन उद्योगलाई व्यवस्थापन गर्न सकिने प्रचुर संभावना देखिन्छ । यस गाविसमा बेनीघाट ( सेती नदी र कर्णालीको दोभान ) वडा नं ५ मा पर्दछ, त्यस्तै धनरास गुफा, स्वर्णापानी गुफा, चिनरास मालिका मन्दिर, धुर्कोट  राजाको भग्नावशेष दरवार, धाउखानी, गैलु प्राचीन धारा वडा नं २ मा चमेरी ओडार गुफा, चिउराडी जेल, विभिन्न मष्ठा मन्दिर र गाविसका विभिन्न ठाउँहरूमा प्राचीन कालमा निर्मित शिला स्तुपाहरू रहेका छन् । माघे संक्रान्ति, साउने संक्रान्ति र पूर्णिमाहरूमा बेनीघाट र बोलाघाटमा नुहाई भक्तजनहरू मष्ठाथानमा पुजाआजा गर्न जाने प्रचलन यस गाविसमा रहेको पाईन्छ ।

## २.८ उपलब्ध सेवा तथा सुविधा

लगाम गाविसको वडा नं २ मा गाउँ विकास समितिको कार्यालय, अस्थायी प्रहरी चौकी रअतिरिक्त हुलाक रहेका छन् भने वडा नं ९ बोलामा स्वास्थ्य चौकी रहेको छ । भौगोलिक वनावटलाई हेर्दा यस गाविसमा रहेको स्वास्थ्य चौकीमा गाविस भरीका सबैले स्वास्थ्य सेवा लिन धेरै समय लाग्ने देखिन्छ । यस गाविसमा लगाममा रहेको पशु सेवा केन्द्रबाट आ-आफ्नो क्षेत्रसँग सम्वन्धीत सेवा तथा सुबिधा उपलब्ध गराइ रहेको स्थिति छ । यस गाविसमा चार वटा सहकारी संस्था रहेकाछन् । यस गाविसमा सुर्खेत देखि कच्ची सडकको ट्राक खोलिएको छ । यस सडक डोटी जिल्लालाई जोड्ने सडक गुरुयोजनाको लक्ष्य रहेको छ । वर्षाको याममा बाहेक अरु समयमा जिल्ला सदरमुकाम वीरेन्द्रनगरसँग सडक सुबिधाको पहुँच रहेकोयो गाविसमा  प्रमुखबजार केन्द्रका रुपमा गुठु गाविसको विशाल बजार र बिजौराको बजार रहेको छ भने स्थानीय बजारको रुपमा लगाम वडा नं २ मा अवस्थित तल्लो लगामबजार रहेको छ । लगाम गाविसको कुनै पनि वडा तथा वस्तीमा विद्युत सेवाउपलब्ध रहेको छैन । वैकल्पिक उर्जाको रुपमा सोलार तथा परम्परागत उज्यालोको व्यवस्थापन गरी समुदायले गुजारा चलाएको स्थिति रहेको छ । यस गाविसकोसबै वडा र वस्तीहरूमा नेपाल टेलीकमको जिएसएमतथा सिडिएमए मोवाइल सेवाले सबै स्थानहरूमा सञ्चारको सुविधा उपलब्ध गराउन सकेको छैन ।गाविस क्षेत्रमा व्यक्तिगत र संस्थागत रुपबाट इन्टरनेट सुबिधालाई समेत उपयोग गर्न सहज नभएको स्थिति छ ।

# परिच्छेद ३: जनसांख्यिक विवरण

यस परिच्छेदमा घरधुरीको विवरण, जनसंख्या बनौट, संरचना तथा वितरण जस्ता विषयहरू समाविष्ट रहेका छन् ।

## ३.१ पारिवारिक तथा जनसंख्या विवरण

लगाम गाविसको घरधुरी तथा जनसंख्याको अवस्थालाई हेर्दा वडागत दृष्टिले विविधता युक्त रहको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाविसको ६८५ घरधुरीमा कूल जनसंख्या ४०७१ रहेको देखिन्छ । जसमा पुरुष २०३४ ( ४९.९६%) र महिला २०३७ ( ५०.०३%) रहेको छ । घरधुरी सर्वेक्षण, २०७२ अनुसार यस गाविसको कूल जनसंख्या ४१५४ रहेको छ । जसमा पुरुष २०७१ (४९.८५%) र महिला २०८३( ५०.१४%) रहेको छ । यसरी राष्ट्रिय जनगणना २०६८ तथा घरधुरी सर्वेक्षण २०७२ को तुलनात्मक अध्ययन गर्दा गाविसको जनसंख्या तथा घरधुरीको संख्यामा हालको घरधुरी सर्वेक्षणले ७३४ देखाएको छ भने जनसंख्या वृद्धिदर औषतरुपमा ०.५० रहन गएको छ । वडा नं २ मा सबैभन्दा बढी वृद्धि दर ८.२९ प्रतिशत रहेको छ भने सबै भन्दा कम वृदिदर (-4.07) वडा नं ६ मा हहेको छ । सबै वडाहरूको जनसंख्याको वृद्धिदर तालिका नं.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.1: पारिवारिक तथा जनसंख्या विवरण**

| वडा नम्बर | २०७२ सर्वेक्षण | | | | जनगणना २०६८ | | | | जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | | | घरधुरी | जनसंख्या | | | |
| | | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | |
| 1 | 69 | 197 | 210 | 407 | 70 | 199 | 192 | 391 | 1.00 |
| 2 | 48 | 148 | 132 | 280 | 34 | 102 | 99 | 201 | 8.29 |
| 3 | 66 | 160 | 184 | 344 | 62 | 197 | 194 | 391 | -3.20 |
| 4 | 70 | 186 | 199 | 385 | 60 | 214 | 174 | 388 | -0.19 |
| 5 | 202 | 604 | 561 | 1165 | 175 | 525 | 533 | 1,058 | 2.41 |
| 6 | 94 | 262 | 219 | 481 | 88 | 270 | 296 | 566 | -4.07 |
| 7 | 61 | 141 | 163 | 304 | 64 | 154 | 168 | 322 | -1.44 |
| 8 | 39 | 123 | 124 | 247 | 47 | 147 | 139 | 286 | -3.67 |
| 9 | 85 | 262 | 279 | 541 | 85 | 229 | 239 | 468 | 3.62 |
| **जम्मा** | **734** | **2083** | **2071** | **4154** | **685** | **2,037** | **2,034** | **4,071** | 0.50 |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग, २०६८ तथा घरधुरी सर्वेक्षण, २०७२*

## ३.२ वस्तीगत र वडागत घरधुरी विवरण

लगाम गाविसको समग्र घरधुरी स्थितिलाई हेर्दा ९ वटै वडाहरूमा घरधुरीको संख्यामा एकरुपता देखिदैन । सबै भन्दा वढी घरधुरी वडा नं ५ मा २०२ (२७.५२%) रहेको छ भने सबैभन्दा कम वडा नं ८ मा ३९ (५.३१%) रहेको छ ।यस सम्बन्धी विस्तृत विवरण तालिका नं.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.2: वस्तीगत र वडागत घरधुरी विवरण**

| वडा नम्बर | वडा अनुसार वस्तीको नाम | वस्तीको कोड नं. | घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | माथिल्लो लगाम | १.१ | ५२ | |
| | पिपलकुण्टा | १.२ | ३ | |
| | कोसेडा | १.३ | ३ | |
| | इचला | १.४ | ११ | |
| २ | तल्लो लगाम | २.१ | ४८ | |
| | लिमु | २.२ | | |
| | खोरडोरे | २.३ | | |
| ३ | बडासैन | ३.१ | ४८ | |

| वडा नम्बर | वडा अनुसार वस्तीको नाम | वस्तीको कोड नं. | घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|
| | नेटेकाँडा | ३.१ | १८ | |
| ४ | पोखरे | ४.१ | ७० | |
| | रानागैरा | ४.२ | | |
| | पिपलकुण्टा | ४.३ | | |
| | बाँसपानी | ४.४ | | |
| | काप्रापानी | ४.५ | | |
| | सिकारीकाँडा | ४.६ | | |
| | सोता | ४.७ | | |
| | तोलीसैन | ४.८ | | |
| | समखाल | ४.९ | | |
| | शान्तिनगर | ४.१० | | |
| ५ | धामीसैन | ५.१ | २०२ | |
| | राताखाली | ५.२ | | |
| | देवल | ५.३ | | |
| | केलावोट | ५.४ | | |
| | तालागाउँ | ५.५ | | |
| | धनरास | ५.६ | | |
| | गैलु, | ५.७ | | |
| | चाहाबोट | ५.८ | | |
| | चौपाता | ५.९ | | |
| | प्या | ५.१० | | |
| | जदी | ५.११ | | |
| | डुगरगाउँ | ५.१२ | | |
| ६ | सिदुरकोट | ६.१ | ९४ | |
| | पाल्पाघाट | ६.२ | | |
| | साता | ६.३ | | |
| | जारिमे | ६.४ | | |
| | काप्रीकाँडा | ६.५ | | |
| | सिमली | ६.६ | | |
| | हिलेखाली | ६.७ | | |
| | बणाल | ६.८ | | |
| ७ | धमू | ७.१ | ३१ | |
| | दानीगौडा | ७.२ | २३ | |
| | सान्नी | ७.३ | ७ | |
| ८ | बागबडी, | ८.१ | १६ | |
| | विचभावर | ८.२ | ११ | |
| | ठाडो भावर | ८.३ | १२ | |
| ९ | घाटछालटोल | ९.१ | ८५ | |
| | बिचटोल | ९.२ | | |
| | भण्डाराखोला | ९.३ | | |
| | लाग्ना | ९.४ | | |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७२*

## ३.३ व्यक्तिगत घटनाको विद्यमान स्थिति

लगाम गाविसमा व्यक्तिगत घटना सम्बन्धी विवरणलाई हेर्दा समुदाय र लिङ्गका आधारमा फरक स्थिति रहेको छ। यस क्षेत्रमा गत वर्षमा भएका जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र वसाई सराई सम्बन्धी घटना देहाय बमोजिम रहेको छ।

### ३.३.१ गाविसको जन्म दर्ता तथा मृत्यु दर्ता सम्बन्धी विवरण

गाविसमा जन्म तथा मृत्यु जस्ता व्यक्तिगत घटना सम्बन्धी विवरणलाई हेर्दा समुदाय र लिङ्गका आधारमा फरक स्थिति रहेको देखिन्छ । गाविसको अभिलेख अनुसार यस गाविसमा गत वर्षमा सबै वडामा गरी जम्म्मा १५४ जना बालबालिकाको जन्म दर्ता भएको पाइन्छ । त्यसै गरी ४ जना महिला र ८ जना पुरुष गरी जम्मा १२ जनाको मृत्यु दर्ता भएको पाइन्छ ।

### ३.३.२ गाविसको विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता सम्बन्धी विवरण

गाविसको तथ्यांकलाई हेर्दा १६ जोडीको विवाह दर्ता भएको छ । सम्वन्ध विच्छेदको घटना दर्ता गरिएको भेटिदैन भने बसाई सराइ १८ घरपरिवार रहेको छ । यस  सम्बन्धी विवरणलाई हेर्दा समुदाय र वडाका आधारमा फरक स्थिति रहेको देखिन्छ । गाविसको अभिलेख अनुसार जातिगत एवं वडागत रुपमा घटना दर्ताको विवरण अद्यावधिक गरिएको पाइएन ।

## ३.४ जातीअनुसार घरधुरी

लगाम गाविसमा जाती अनुसार पहाडी दलित १६३ घरधुरी,  पहाडी जनजाती तथा आदिवासी १०१ घरधुरी, पहाडी ब्राह्मण क्षेत्री, ठकुरी ४७० घरधुरी रहेका छन् । वडा नं ६ मा  दलितको सबैभन्दा बढी (५०) घरधुरी रहेको छ भने सबैभन्दा कम घरधुरी वडा नं ३ र ४ मा रहेको पाइन्छ । सबैभन्दा बढी जनजाति वडा नं ४ मा रहेको पाइन्छ भने सबैभन्दा कम वडा नं ९ मा रहेको पाइन्छ । पहाडी बाह्मण क्षेत्री/ठकुरी/सन्यासीहरूको घरधुरी वडा नं ६ मा रहेको पाइन्छ भने सबैभन्दा कम वडा नं ४ पाइन्छ । यस सम्बन्धी विस्तृत विवरण तालिका नं.३ मा देखाईएको छ ।

**तालिका नं.3: जाती अनुसार घरधुरी विवरण**

| जातजाती समूह | वडा अनुसार घरधुरी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | जम्मा |
| पहाडी दलित | 23 | 16 | 1 | 1 | 50 | 20 | 8 | 18 | 26 | 163 |
| पहाडी जनजातीतथाआदीबासी | | 11 | | 65 | 14 | 9 | | | 2 | 101 |
| पहाडी बाह्मण क्षेत्री/ठकुरी/सन्यासी | 46 | 21 | 65 | 4 | 138 | 65 | 53 | 21 | 57 | 470 |
| जम्मा | 69 | 48 | 66 | 70 | 202 | 94 | 61 | 39 | 85 | 734 |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७२*

*पुनश्चः जातजातिगत समुदायको वर्गिकरण सम्बन्धी विवरण अनुसुची २ मा उल्लेख गरिएको छ ।*

## ३.५ जाती अनुसार जनसंख्या

लगाम गाविसमा जाती अनुसार पहाडी दलितको जनसंख्या ९६८ ,पहाडी जनजाती तथा आदिवासीको ५७७, पहाडी ब्राह्मण क्षेत्री, ठकुरीको २६०९  जनसंख्या रहेको छ ।  पहाडी दलितको जनसंख्या वडा नं ५ मा सबैभन्दा बढी भएको पाइन्छ भने सबैभन्दा कम वडा नं २ मा रहेका छन । सबैभन्दा बढी जनजाति वडा नं ४ मा रहेका छन भने सबैभन्दा कम वडा नं ९ मा रहेका छन । पहाडी बाह्मण क्षेत्री/ठकुरी/सन्यासीहरू वडा नं ५ मा सबैभन्दा बढी रहेका छन भने सबैभन्दा कम वडा नं ४ मा रहेका छन । यस सम्बन्धी विस्तृत विवरण तालिका नं.४ मा देखाईएको छ ।

**तालिका नं.4 : जाती अनुसार जनसंख्या विवरण**

| जातजाती समूह | वडा अनुसार जनसंख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | जम्मा |
| पहाडी दलित | 137 | 92 | 8 | 2 | 288 | 121 | 44 | 100 | 176 | 968 |
| पहाडी जनजातीतथाआदीबासी | | 70 | | 367 | 84 | 45 | | | 11 | 577 |
| पहाडी बाह्मण क्षेत्री/ठकुरी/सन्यासी | 270 | 118 | 336 | 16 | 793 | 315 | 260 | 147 | 354 | 2609 |
| **जम्मा** | **407** | **280** | **344** | **385** | **1165** | **481** | **304** | **247** | **541** | **4154** |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७२*

### ३.६धर्मअनुसार जनसंख्यातथा घरपरिवार

लगाम गाविसमा धर्म अनुसार हिन्दु धर्मालम्वीको घरधुरी ६७१ र जनसंख्या ३७८८ , बौद्ध धर्मालम्बीको घरधुरी ६० र जनसंख्या ३५०, मुस्लिमधर्मालम्बीको घरधुरी २ र जनसंख्या ९ तथा अन्यको एक घरधुरी तथा जनसंख्या ७रहेको छ। जसको विस्तृत विवरण तालिका नं.५मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.5 : धर्म अनुसार जनसंख्या तथा घर परिवार विवरण**

| वडा नम्बर | हिन्दु | | बौद्ध | | मुस्लिम | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार | जनसंख्या | परिवार | जनसंख्या | परिवार | जनसंख्या | परिवार | जनसंख्या | परिवार | जनसंख्या |
| 1 | 69 | 407 | | | | | | | 69 | 407 |
| 2 | 43 | 244 | 5 | 36 | | | | | 48 | 280 |
| 3 | 66 | 344 | | | | | | | 66 | 344 |
| 4 | 14 | 69 | 55 | 314 | 1 | 2 | | | 70 | 385 |
| 5 | 202 | 1165 | | | | | | | 202 | 1165 |
| 6 | 94 | 481 | | | | | | | 94 | 481 |
| 7 | 61 | 304 | | | | | | | 61 | 304 |
| 8 | 39 | 247 | | | | | | | 39 | 247 |
| 9 | 83 | 527 | | | 1 | 7 | 1 | 7 | 85 | 541 |
| **जम्मा** | 671 | 3788 | 60 | 350 | 2 | 9 | 1 | 7 | 734 | 4154 |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७२*

### ३.७ भाषाअनुसार जनसंख्या

लगाम गाविसमा रहेको कूल ४१५४ जनसंख्या मध्ये नेपाली भाषी ३५२७, अवधी भाषी ७, डोटेली भाषी २८४ र मगर खाम भाषी ३३६ जना रहेका छन् । वडा नं ५ मा सबैभन्दा बढी नेपाली भाषी छन सबैभन्दा कम वडा नं ४ मा रहेका छन । मगर खाम भाषीहरू वडा नं ४ मा रहेका छन ।डोटेली भाषीहरू वडा नं ६ मा सबैभन्दा बढी रहेका छन भने सबैभन्दा कम वडा नं ७ मा रहेका छन । यस सम्बन्धी विस्तृत विवरण तालिका नं.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.6: भाषा अनुसार जनसंख्या विवरण**

| वडा नम्बर | भाषा अनुसार जनसंख्या | | | | |
|---|---|---|---|---|---|
| | नेपाली | अवधि | डोटेली | मगर/खाम | जम्मा |
| 1 | 407 | | | | 407 |
| 2 | 280 | | | | 280 |
| 3 | 314 | | 30 | | 344 |
| 4 | 49 | | | 336 | 385 |
| 5 | 1165 | | | | 1165 |
| 6 | 316 | | 165 | | 481 |
| 7 | 296 | | 8 | | 304 |
| 8 | 247 | | | | 247 |
| 9 | 453 | 7 | 81 | | 541 |
| जम्मा | 3527 | 7 | 284 | 336 | 4154 |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७२*

### ३.८ उमेर अनुसार जनसंख्या

लगाम गाविसमा रहेको कूल ४१५४ जनसंख्या मध्ये जन्मेदेखि १ वर्ष उमेर सम्मका ४४ जना, एक वर्ष देखि ५ वर्ष उमेर सम्मका ५७८ जना, ६ वर्ष देखि १० वर्ष उमेर सम्मका ५९९ जना, ११ वर्षदेखि १५ वर्ष उमेर सम्मका ५९६ जना, १६ वर्षदेखि २४ वर्ष उमेर सम्मका ७९९ जनाको जनसंख्या रहेको छ। यसैगरी २५ वर्ष देखि ४० वर्ष उमेरका ८७३ जना, ४१ देखि ६० वर्ष उमेर सम्मका ४९१जना, ६१ देखि ७५ वर्ष उमेरसम्मका १५५ जना र ७५ वर्ष उमेर

